# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, चैत २४ गते, २०८२ साल (अतिरिक्ताङ्क ४८

## भाग ५

### नेपाल सरकार

### अर्थ मन्त्रालयको

### सूचना

नेपाल सरकार, मन्त्रिपरिषद्ले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिम छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| **क्र. सं.** | **सम्बन्धित ऐन; दफा/अनुसूची** | **विद्यमान व्यवस्था** | **छुट सम्बन्धी निर्णय** |
|---|---|---|---|
| १. | आर्थिक ऐन, २०८२ को दफा ७ | नेपालमा पैठारी हुने पेट्रोल र डिजेलमा प्रति लिटर दश रुपैयाँको दरले पूर्वाधार विकास कर भन्सार बिन्दुमा लगाई असुल गरिने। | नेपालमा पैठारी हुने पेट्रोल र डिजेलमा लाग्ने पूर्वाधार विकास करमा पचास प्रतिशत छुट दिने। |
| २. | भन्सार महसुल ऐन, २०८१ को अनुसूची -३ | भन्सार उपशीर्षक २७१०.१२.१० अन्तर्गत पर्ने मोटर स्पिरिट (पेट्रोल) मा भन्सार महसुल दर प्रति किलो लिटर रु. २५,२००।- रहेको। | भन्सार उपशीर्षक २७१०.१२.१० अन्तर्गत पर्ने मोटर स्पिरिट (पेट्रोल) मा लाग्ने भन्सार महसुल दरमा पचास प्रतिशत छुट दिने। |
| | | भन्सार उपशीर्षक २७१०.१९.१० अन्तर्गत पर्ने मट्टीतेलमा भन्सार महसुल दर प्रति किलो लिटर रु. १२,०००।- रहेको। | भन्सार उपशीर्षक २७१०.१९.१० अन्तर्गत पर्ने मट्टीतेलमा भन्सार महसुल दरमा पचास प्रतिशत छुट दिने। |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | | भन्सार उपशीर्षक २७१०.१९.३० अन्तर्गत पर्ने हाई स्पीड डिजेलमा भन्सार महसुल दर प्रति किलो लिटर रु. १२,०००।- रहेको। | भन्सार उपशीर्षक २७१०.१९.३० अन्तर्गत पर्ने हाई स्पीड डिजेलमा भन्सार महसुल दरमा पचास प्रतिशत छुट दिने। |

**आज्ञाले,**
**भुपाल वराल**
**नेपाल सरकारको सचिव।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रु.५।-**
**गो.हु.द.नं. १६।२०६२।६३**

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।